पैयूँ गाउँपालिका
गाउँ कार्यपालिका वैठक

सम्वत् २०८२।११।२७ गते आ.ब. २०८२/८३ बैठक सङ्ख्या:- १०

**निर्णय नं. १**: अघिल्लो कार्यपालिकाको सम्पूर्ण निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएकोमा सोको समीक्षा गरियो।

**निर्णय नं. २**: पैयूँ क्षेत्र ग्रामिण सामुदायिक विद्युतिकरण उपभोक्ता समितिको कार्यालयले वर्तमान समयमा कार्यालय संचालनका रकम अभाव भई विभिन्न सामाग्री माग गरेकाले माग बमोजिमको सामाग्री उपलब्ध गराउने र सो को विद्युत समस्या समाधान शीर्षकबाट खर्च भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**: विभिन्न समयमा जिल्ला स्थित संचालित कार्यक्रममा पैयूँ गाउँपालिका कार्यसंचालन निर्देशिका बमोजिम कार्यक्रम संचालनका लागि तपशिलको रकम आ.व. २०८२/०८३ को आर्थिक सहायता शिर्षकबाट खर्च भुक्तानी दिने निर्णय गरिन्छ।

| क्र. सं. | नाम | सहायता दिनुपर्ने कारण | रकम |
|---|---|---|---|
| १. | पर्वत उद्योग वाणिज्य संघ | औद्योगिक व्यापार मेला तथा आठौं पर्वत महोत्सव कार्यक्रम संचालन | ५००००।- |

**निर्णय नं. ४** : आ.व. ०८२/०८३ मा पैयूँ गाउँपालिका वडा नं. ६ मा को वडा स्तरीय योजना हुवास दर्वु मोटर बाटो अन्तर्गत निया गैरा र खोटे गैरा मोटर बाटो ढलान मा विनियोजित रु ६१५०००।– (अक्षरुपि छ लाख पन्ध्र हजार मात्र) रकमबाट योजना सम्पन्न हुने नदेखिएकाले सो शिर्षकमा सोही आ.व. को मागमा आधारित शिर्षकबाट रु ३५००००।– (अक्षरुपि तीन लाख पचास हजार) थप गरी ९६५०००।– (नौ लाख पैसठ्ठी हजार मात्र)को एकीकृत योजना बनाई उपभोक्ता समितिबाट कार्य गराउने निर्णय गरियो।

**निर्णय नं. ५** : पैयूँ बहुमुखि क्याम्पसको पत्रानुसार उक्त कलेजमा पैयूँ गाउँपालिकाको SEE को परिक्षा तथा कक्षा १२ को परिक्षा संचालन हुनेहुँदा रङ रोगनका निवेदन पेश गर्नुभएकोमा सोका लागि प्राविधिक लागत अनुमान बमोजिम पेश हुन आएको रकम मागमा आधारित शिर्षकबाट खर्च गर्ने गरी रङ रोगन गर्ने योजना अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ६** : पैयूँ गाउँपालिकाको वार्षिक स्वीकृत योजना "O & M सर्वे" कार्यक्रम संचालनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपशिल बमोजिमको समिति गठन गरी कार्यपक्रिया अघि बढाउने निर्णय गरियो।

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
३. प्रशासन शाखा प्रमुख - सदस्य सचिव

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।११।२७ गते आ.ब. २०८२/८३ बैठक सङ्ख्या:- १०

**निर्णय नं. ७:** पैयूँ गाउँपालिकामा संचालित तपशिल बमोजिमको आयोजनाको प्राविधिक शाखाबाट पेश भई आएको तपशिल बमोजिम रनिङ बील भुक्तानी गर्ने निर्णय गरियो।

| क्र.स. | योजनाको नाम | ठेकेदार कम्पनीको नाम | भुक्तानी भएको रकम | वजेट स्रोत |
|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन परियोजना पैयूँ ५ पर्वत | पैयूँ कालिका सप्लायर्स एण्ड कनस्ट्रक्सन प्रा.लि. | १२९९६६३।- | संघीय विशेष |
| २ | हाँडिखर्क भोर्ले काब्रे इकाङ जैथुम सडक निर्माण | शान्ति दर्शन निर्माण सेवा | ४०२७०९६।- | संघीय समपुरक |

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

तोरण मल्ल ठकुरी
अध्यक्ष